# विज्ञान तथा प्रविधि मन्त्रालय

मन्त्रालय र मातहतसमेत ५ निकायको यो वर्ष विनियोजन रु.५३ करोड ३६ लाख, राजस्व रु.३ लाख, धरौटी रु.४ करोड ८५ लाख र अन्य कारोबार रु.३६ करोड ८८ लाखसमेत रु.९५ करोड १२ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था, अन्य संस्था र समितिसमेत ३ को रु.८६ करोड ८६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख व्यहोरा निम्नानुसार छन् :

१. **अनुगमन -** बी.पी. कोइराला प्लानेटोरियम तथा अब्जरभेटोरी र विज्ञान संग्रहालय विकास समितिको रु.२ करोड १८ लाख मूल्यका २० प्रकारका ल्याबका उपकरण मौज्दात नरहेको सम्बन्धमा छानबिन गरी टुङ्गो लगाउने, रु.६४ करोडको लागतमा निर्माण सम्पन्न भएको विज्ञान संग्रहालय भवन प्रयोगमा ल्याउने र सूचना प्रविधि पार्कको ६० रोपनी जग्गा घटी भएकोमा संपत्तिको संरक्षण गर्नुपर्ने लगायतका व्यहोरा विगत प्रतिवेदनमा समावेश भएकोमा सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था मिलाउनुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति देहायअनुसार छः

  - मन्त्रालय र मातहतसमेत.४ निकायमा यो वर्ष रु.७ करोड ६७ लाख ३९ हजार बेरुजू देखिएकोमा फछ्यौंट नभई बाँकी रहेको छ । सोमध्ये रु.४ लाख १९ हजार पेश्की बाँकी रहेको छ ।
  - समिति २ तर्फ यो वर्ष रु.६५ लाख ८ हजार बेरुजू देखिएकोमा फछ्यौंट नगरेकोले बाँकी रहेको छ । सो मध्ये रु. १३ लाख ८१ हजार पेश्की बाँकी रहेको छ ।